AjakoAwaj.Com आजकोआवाज.कम
USNepalOnline.Com
USANepalOnline.Com

# "नो लिम्बुवान नो एंट्री No Limbuwan No Entry!"

## संङघीय लिम्बूवान राज्य परिषदले संविधानसभाको निर्वाचन हुन नदिने?

काठमाडौं, न्यूयोर्क, January 23, 2008 - संबिधान सभाको चुनाव हुन अब डेढ महिना मात्र बाँकी छ। सात दलहरुले गर्ने भनेको सात सभा खत्तम हुन नपाउदै पूर्व लिम्बुवान र तराइका बिभिन्न ठाउँहरुबाट बिरोधका चर्का आवाजहरु उठ्न थालेका खबरहरुमा प्राप्त भएका छन्।

सो खबर अनुसार, पाँच्थरको फेदेममा गत माघ ७ गते संङघीय लिम्बूवान राज्य परिषदले लिम्बुवान स्वायत्तताको सुनिस्चितत्ता नगराइ संविधान सभाको चुनाव गरिएमा कुनै पनि राजनैतीक पार्टीहरुलाई गाउँ प्रबेशमा रोक लगाउने, "नो लिम्बुवान नो एन्त्री No Limbuwan No Entry!" निती अपनाएको घोषणा गरेको छ। सोही दिन खोटाङ जिल्लाका तीन प्रहरी चौकिमा सयौंको दफ्फामा आन्दोलनकारीहरुद्वारा हमला पछि प्रहरी हतियार उनिहरुको हातमा सजिलै जानुले यस्तै सुरक्षा ब्यबस्थामा चुनाव हुन सक्ने स्थितीमा प्रश्न चिन्ह खडा हुन गएकोछ।

सोही परिषदले गत सोमबार नै बिर्तामोडमा अर्को एक पत्रकार सम्मेलनको आयोजना गरी निर्वाचनअघि नै राजतन्त्रको समूल अन्त्यसहित सङघीय लोकतान्त्रिक गणतन्त्र र जातीय जनसंख्याको आधारमा पूर्ण समानुपातिक निर्वाचन प्रणाली अन्तरिम संविधानमा सुनिस्चित गरिनुपर्ने माग गरेको छ। यो माग पूरा नगरी हुने निर्वाचन शाही कालको नगर निर्वाचन जस्तै हुने भएकोले त्यस्तो निर्वाचन बहिष्कार गरिने परिषदका महासचिव मिसेहाङ थाम्सोहाङले बताएका छन्। उनले सात दल गठबन्धन सरकारले आफ्ना माग बेवास्ता गरे तेस्रो जनआन्दोलनको आँधिबेहेरी ल्याउने चेतावनी पनि दिए। परिषदले माघ २० गते एक दिने सांकेतिक लिम्बूवान बन्दको आह्वानसमेत गरेको छ।

लिम्बूवान राज्य परिषद पाँच्थरको फेदेमको बिज्ञप्ती पढ्नुहोस्:

## लिम्बुवान स्वायत्त राज्यको सुनिश्चितता
## एक टिपोट

संघीय लिम्बुवान राज्य परिषद लिम्बुवान स्वायत्तता प्राप्त गर्ने उद्देश्यले स्थापित एक राजनैतिक संगठन हो, शक्ति हो, पार्टी होइन । जुनसुकै राजनैतिक आस्था वा विचारधाराका शोषित पीडित मुक्तिकामी नागरिकहरू यसमा संगठित हुन सक्नेछन् तर हाललाई दलगत र व्यक्तिगत स्वार्थलाई थाँती राखेर विशुद्ध रुपमा लिम्बुवान प्राप्तीका लागि समर्पित हुने लिम्बुवानबासी नागरिकहरू मात्र यसमा आबद्ध हुन सक्नेछन् । परिषदले नेपाल अन्तर्गत आत्मनिर्णयको अधिकारसहित लिम्बुवान स्वायत्त गणराज्य प्राप्तीका लागि सशक्त आन्दोलन गर्दै आएको कुरा सबैलाई ज्ञात भएकै कुरा हो । हामी लिम्बुवान राष्ट्र-राज्य (Nation state) निर्माण गर्न, खोसिएको राज्य र भूमि फिर्ता लिन, लुटिएको अस्तित्व र पहिचानलाई पुनःस्थापित गर्न र दास भएर होइन आत्मसम्मान तथा स्वाभिमानका साथ बाँच्नका लागि आन्दोलनमा होमिएका छौं । त्यसैले संविधानसभाको निर्वाचन अगावै पूरा गरिनु पर्ने प्रमुख तीन मागहरू यस प्रकार छन्ः

१. आत्मनिर्णयको अधिकारसहित लिम्बुवान स्वायत्त गणराज्य घोषणा हुनुपर्ने
२. संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा हुनुपर्ने
३. संविधानसभाको चुनाव पूर्ण समानुपातिक हुनुपर्ने

यसमा दोश्रो बुँदाको संघीय लोकतान्त्रिक गणतन्त्रको माग अन्तरिम संविधानको तेश्रो संशोधनले समेटेको भएपनि कार्यान्वयन पक्ष हेर्न बाँकी छ । अबको हाम्रो आन्दोलन त्यसको कार्यान्वयनका लागि र संविधानसभाको चुनाव अगावै लिम्बुवान स्वायत्त गणराज्यको सुनिश्चितता र पूर्ण समानुपातिक निर्वाचन प्रणाली लागू गराउन तर्फ केन्द्रीत हुनेछ । हामी संविधानसभा चुनावको विरोधी होइनौं तर संविधानसभाको चुनाव सार्थक र परिणाममुखी होस् भन्ने चाहन्छौं । यी माग पूरा नभई गरिने संविधानसभाको चुनावले हाम्रो भावना र चाहनालाई समेटन नसक्ने भएकोले यसको कुनै औचित्य छैन । हाम्रो स्पष्ट धारणा यो छ कि संविधानसभाको चुनाव निर्धारित समयमा सम्पन्न होस् तर लिम्बुवान स्वायत्तताको सुनिश्चितता गरियोस् । यदि यसो हुँदैन भने संविधानसभाको चुनाव लिम्बुवान क्षेत्रमा हुने छैन । यसका लागि लिम्बुवान क्षेत्रका सम्पूर्ण राजनैतिक दल, नागरिक समाज र लिम्बुवानबासी जनताहरू एकढिक्का भई लिम्बुवान स्वायत्तता प्राप्तीका लागि आन्दोलित होऊँ भन्ने आव्हान गर्दछौं । यदि दलहरू यथास्थितिवादी चिन्तन र काठमाडौं केन्द्रीत एकात्मक राज्यसत्तालाई नै बल पुऱ्याउने क्रियाकलापमा संलग्न रहेमा लिम्बुवानप्रेमी जनता तिनीहरूका विरुद्धमा विद्रोह गर्न तयार छन् ।

त्यसकारण लिम्बुवान स्वायत्तता सुनिश्चित नभई संविधानसभाको चुनाव गरिएमा र लिम्बुवानको इस्यूलाई राजनैतिक मुद्दा नबनाउने दलहरूलाई गाउँ प्रवेशमा रोक लगाउने घोषित नीति अनुरुप 'नो लिम्बुवान नो इन्ट्री' (No Limbuwan no entry) घोषणा गरिएको छ । लिम्बुवान भूमिलाई सम्मान नगर्ने, लिम्बुवान माटोलाई माया नगर्ने कुनै पनि व्यक्ति र दललाई लिम्बुवानमा राजनीति गर्ने नैतिक अधिकार रहदैन । हालसम्मको राजनैतिक सिनारियोमा नेकपा माओवादीले मात्र लिम्बुवानको इस्यूलाई राजनैतिक एजेण्डाको रुपमा स्पष्ट ल्याएको छ । लिम्बुवान क्षेत्रमा क्रियाशील सबै दलहरूले लिम्बुवान स्वायत्तताको विषयलाई आफ्नो राजैतिक मुद्दा बनाउनुहोस् भन्ने हाम्रो आग्रह छ । र, अबको आन्दोलन हामी जस्तै शोषित पीडित जनताहरूको ५ वटा संघीयवादी संगठनहरू लिम्बुवान, खम्बुवान, ताम्बाशालिङ, तमुवान र थारुहटले संयुक्तरुपमा गर्न गइरहेको कुरा अवगत गराउँदछौं ।

सेवारो ! जय लिम्बुवान !

संघीय लिम्बुावन राज्य परिषद
जिल्ला कार्य समिति, पान्थर
लिम्बुवान, नेपाल

*मिति ०६४ माघ ७ गते फेदेनमा आयोजित अन्तर्क्रिया कार्यक्रममा प्रस्तुत जानकारी पत्र । यसमा राजनैतिक दल, भाइचारा संघ संस्था, मानवअधिकारवादी संस्था, पत्रकार, राज्य पक्षका प्रतिनिधि, जिल्ला स्थित निर्वोचन कार्यालय र नागरिक समाजको सहभागिता रहेको थियो ।*